गोरखा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: २ मिति: २०७७/१२/०८

## भाग-१

## गोरखा नगरपालिका

नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**नगरसभाबाट स्वीकृत मिति: २०७७१२०६**

गोरखा नगरपालिकाको सहकारी (दर्ता, संचालन र नियमन) ऐन, २०७४ को पहिलो संशोधन २०७७

| क्र.स. | दफा, उपदफा | यस अघिको व्यवस्था | संशोधन र नयाँ थप |
|---|---|---|---|
| १. | ९ (१) क | दुईवटा वडाहरु मात्र | **कार्यक्षेत्र** - बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा आवश्यकता अनुसार कार्यक्षेत्र थप गर्न सकिनेछ । |
| २. | दफा ५५(३) | नभएको | **अनुमति** - उपदफा १ र २ बमोजिम नियुक्त लेखापरिक्षकबाट लेखा परिक्षण गराउदा नगरपालिकाबाट अनुमति लिएर मात्र लेखा परिक्षण गराउनु पर्नेछ । |
| ३. | परिच्छेद २० दफा १०३ | नभएको | **नविकरण** - सहकारी संस्थाहरुले प्रत्येक आ.ब. को पौष मसान्तसम्म ले.प. प्रतिवेदन साधारण सभाको निर्णय सहित |

| | | | |
|---|---|---|---|
| | | | संस्था नविकरणको लागि गत आ.ब. को खुद नाफाको १ प्रतिशत दस्तुर बुझाई नगरपालिकामा निवेदन दिई नविकरण गर्नु पर्नेछ । |
| ४. | परिच्छेद २० दफा १०४ | नभएको | **जरिवाना** - प्रत्येक आ.ब. को पौष मसान्तसम्म पनि सहकारी संस्थाहरुले नविकरण नगराएमा सो आ.ब. को लागि खुद नाफाको १.५ प्रतिशत र सो भन्दा पनि ढिला भएमा प्रत्येक वर्षको नाफाको २ प्रतिशत दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । |
| ५. | दफा ६ को उपदफा ९ | नभएको | बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको हकमा दर्ता शुल्क रु १०,०००/- र अन्य सहकारी संस्थाहरुको हकमा रु २,०००/- लाग्नेछ । |
| ६. | परिच्छेद ४ उपदफा ३ | नभएको | सहकारी संस्थाहरुको विविध कारणले विनियम संशोधन तथा पुनर्लेखन गर्नु परेमा सहकारीको मूल्य मान्यता र सिद्धान्तमा असर नपर्ने गरी न.पा. बाट अनुमती लिएर पुनर्लेखन गर्न सक्नेछ । |
| ७. | दफा ५५ को उपदफा ३ | नभएको | नगरपालिकाले लेखापरिक्षक सुचिकृत गरी सहकारी संस्थाहरुको साधारण सभाले तोकेको पारिश्रमिक पाउने गरी जुनसुकै सुचिकृत लेखापरिक्षकलाई जुनसुकै सहकारी संस्थाको लेखापरिक्षण गराउन खटाउन सक्नेछ । |
| ८. | दफा २ को (भ) | नभएको | नगरपालिका भन्नाले हालको भूगोललाई जनाउने छ । |

आज्ञाले,

दिनेशराज पन्त

प्रमुख प्रशासकीय अधिकृत